# कृष्णपुर राजपत्र

कृष्णपुर नगरपालिकाद्धारा प्रकाशित

खण्ड : १, ७ नं. प्रदेश, गुलरिया, कञ्चनपुर, वैशाख ०२ गते आईतबार, २०७५ साल संख्या : १


**भाग :- १**

## कृष्णपुर नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०७४

**प्रस्तावना :** कृष्णपुर नगरपालिकाको आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम कृष्णपुर नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

**१) संक्षिप्त नाम र प्रारम्भ :**

१. यस ऐनको नाम "कृष्णपुर नगरपालिका आर्थिक ऐन, २०७४" रहेको छ ।

२. यो ऐन २०७४ श्रावण १ गतेदेखि कृष्णपुर नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

**२) घर जग्गा कर (सम्पति कर) :** कृष्णपुर नगरपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिमको एकिकृत सम्पति कर/घर जग्गा कर लगाई असूल उपर गरिनेछ ।

**३) भुमि कर (मालपोत)** : कृष्णपुर नगरपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भुमिकर (मालपोत) लगाई असूल उपर गरिनेछ ।

**४) घर वहाल कर :** कृष्णपुर नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा बहाल कर लगाई असूल गरिनेछ ।

**५) व्यवसाय कर :** कृष्णपुर नगरपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाई असूल गरिनेछ ।

**६) जडीबुटी, कवाडी र जीवजन्तु कर :** कृष्णपुर नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरेबाफत अनुसूची (५) बमोजिम कर लगाई असूल गरिनेछ ।

**७) सवारी साधन कर :** कृष्णपुर नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाई असूल गरिनेछ । तर प्रदेश कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**८) विज्ञापन कर :** कृष्णपुर नगरपालिका क्षेत्रभित्र हुने सबै किसिमका विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाई असूल गरिनेछ । तर प्रदेश कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**९) मनोरञ्जन कर :** कृष्णपुर नगरपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसायमा अनुसूची (८) बमोजिम मनोरञ्जन कर लगाई असूल गरिनेछ । तर प्रदेश कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१०) बहाल बिटौरी शुल्क :** कृष्णपुर नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका अनुसूची (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसुचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाई असूल गरिनेछ ।

**११) पार्किङ शुल्क :** कृष्णपुर नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए बाफत अनुसूची (१०) बमोजिम पार्किङ शुल्क लगाई असूल गरिनेछ ।

**१२) सेवा शुल्क दस्तुर :** कृष्णपुर नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची (११) मा उल्लिखित स्थानीय पुर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट सोहि अनुसुचीमा व्यवस्था भए अनुसार शुल्क लगाई असूल गरिनेछ ।

**१३) पर्यटन शुल्क :** कृष्णपुर नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनसूची (१२) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाई असूल गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१४) कर छुट :** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

**१५) कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि :** यो ऐनमा भएको व्यवस्था यसै अनुसार र अन्यका हकमा यस ऐनसँग नबाझिने गरि कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि कृष्णपुर नगरपालिका, नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## अनूसुची -१
## (दफा २ सँग सम्बन्धित)

नगरपालिकाले लगाउने एकिकृत सम्पत्ति कर सम्बन्धि व्यवस्था नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## अनूसुची -२
## (दफा ३ सँग सम्बन्धित)

१. मालपोत :

१.महेन्द्रराजमार्ग संग जोडिएको कित्ता जग्गाहरुको प्रति कट्ठा ३०।०० , बजार क्षेत्र र सो आशपाशको २०० मिटर सम्म बाटोसंग जोडिएको आवाशिय क्षेत्रको प्रति कट्ठा रु. २०।०० र बाटो संग नजोडिएको प्रति कट्ठा रु. १५।००

२. ग्रामिण क्षेत्रमा १.५ विगाहा सम्म जग्गा हुनेलाई प्रति कट्ठा रु. ५।००

३. ग्रामिण क्षेत्रमा १.५ विगाहा देखी ३ विगाहा सम्म जग्गा हुनेलाई प्रति कट्ठा रु.१०।००

४. ग्रामिण क्षेत्रमा ३ विगाहा वढी सम्म जग्गा हुनेलाई प्रति कट्ठारु. १५।००

२. घर कर :

१. महेन्द्रराजमार्ग संग जोडिएको पक्कि घरहरुको वार्षिक घर कर रु.१५०।००, बजार क्षेत्र र सो आशपाशको ५०० मिटर सम्म बाटोसंग जोडिएको जमिनमा निर्माण भएका पक्कि घरको वार्षिक १००।०० र कच्चि घरको ५०।०० (पक्कि घरको प्रति तला थप रु. ५०)

२. माथि १ मा उल्लेखित ग्रामिण क्षेत्रमा पक्कि घरको ५०।०० ( प्रति तला थप २५ थप )

३. ग्रामिण क्षेत्रको टायल, टिन, जस्ताको छाना भएको घरको वार्षिक रु. २०।०

३. भुमिकर ( अव्यवस्थित वसोवास वहाल विटौरी कर )

१.महेन्द्र राजमार्गसंग जोडिएको प्रति कट्ठा रु. २०।००

२. महेन्द्र राजमार्गसंग नजोडिएको सो आशपाशको २०० मिटर सम्म बाटोसंग जोडिएको जमिनको प्रति कट्ठा रु.१०।००

३. माथि सि.न. १ र २ मा उल्लेख भए बाहेक ग्रामिण क्षेत्रमा प्रति कट्ठा रु. २।००

४. ग्रामिण क्षेत्रमा १ बिगाहा भन्दा बढी हुने जग्गा हुनेलाई प्रति कट्ठा रु. ३।००

## अनूसुची -४
## (दफा ५ सँग सम्बन्धित)

१.पटके व्यवसायकर ( दैनिक )

| | |
|---|---|
| १. प्रत्येक अस्थायी टहरारफडबाट | रु.५।– |
| २. न.पा. ले तोकेको ठाउंमा तक्ता खाट आदि राखी ठाउं ओगटी ब्यवसाय गर्नेलाई | रु.१०।– |
| ३. तरकारी राखी ठाउं ओगटी ब्यवसाय गर्नेलाई | रु.१५।– |
| ४. ठेलागाडीबाट एक ठाउबाट अर्को ठाउँमा सार्न सकिने फलफूलका ठेलाबाट | रु.१०।- |
| ५. तरकारीका ठेलावाट | रु.५।– |
| ६. इन्जनद्वारा फलफूलको रस र उखुको रस बेच्ने ब्यवसायबाट | रु.१५।– |
| ७. हातले चलाउने मसिनबाट फलफूल,र उखुको रस बेच्ने ब्यवसाय चाट, बदाम बिकि | रु.१५।- |
| ८. डिफ्रिजमा विशेष आइस्कीम राखी गरिने व्यबसाय गर्ने बाट ...................... | रु.२० ।- |
| १०. कृष्णपुर नगरपालिकाको वजार राजमार्गको छेउ छाउमा रेडिमेट कपडा राखी बिक्री व्यवसाय गर्ने ........................................................ | रु.१५ ।- |

२. व्यवसाय कर :

क. कृष्णपुर नगरपालिका मुख्य वजार केन्द्र र सो आशपाशका क्षेत्रमा रहेका अस्थायी टहरारफडबाट निम्नानुसार बार्षिक व्यवसायकर लिने ।

| | |
|---|---|
| १. खाना खाने होटल र लज ............................ | रु. ६००।– |
| २. चिया नास्ता होटल ................................. | रु. ५००।– |
| ३. खुद्रा अन्य पसल ............................. | रु. ५००।– |

ख. कृष्णपुर नगरपालिका मुख्य वजार केन्द्र वाहेक अन्य ग्रामिण ठाउंमा टहराराफडबाट निम्नानुसार बार्षिक व्यवसायकर लिने ।

| | |
|---|---|
| १.चिया नास्ता होटल ................. | रु.३००।– |
| २. किराना पसल ........................... | रु.४००।– |
| ३. खाना खाने होटल .......................... | रु.४००।– |
| ४. मिठाई पसल .......................... | रु.४००।– |
| ५. रेडीमेड कपडा पसल ......................... | रु.८००।– |

नोटः-खुल्ला स्थानमा ब्यापार गर्ने र नगरपालिका क्षेत्र भित्र टहरा, फडमा व्यापार व्यवसाय संचालन गर्दा बातावरण प्रदुषण हुने एवं यातायातको आवत जावतमा असर पार्ने कुरा न.पा.लाई लागेमा त्यस्तो स्थानबाट सो व्यापार व्यवसाय गर्न नगरपालिकाले प्रतिबन्ध लगाउन सक्नेछ ।

३. क) पर्यटकीय होटलको व्यवसाय निम्नानुसार लिने

| | |
|---|---|
| पांच तारे होटल ......................... | रु. २५,००० ।– |
| चार तारे होटल....................... | रु. २०,००० ।– |
| तीन तारे होटल...................... | रु. १०,००० ।– |
| दुई तारे होटल ...................... | रु. ७,००० ।– |
| एक तारे होटल.......................... | रु. ५,०००।– |

ख) होटलहरु ( बिर्को खोली मदिरा विक्री गर्ने समेत ) मा निम्नानुसारको बार्षिक व्यवसायकर लिने

| | |
|---|---|
| १. क श्रेणीको स्थान .................................. | रु८,,००० ।- |
| २. ख श्रेणीको स्थान ............................ . | रु.७००० ।– |
| ३. होटलले क्यासिनो संचालन गरेमा ........... | रु.२०,००० ।- |
| ५. दोहरी सांझ एण्ड रेष्टुरेन्ट ...................... | रु.१२,००० ।- |
| ६. गाउँको बजारमा मदिरा पसल | रु.३०००।– |

नोट : क श्रेणीको स्थान भन्नाले नगरपालिका मुख्य वजार केन्द्र गुलरिया, वाणी र बंक सो वाहेक अन्य स्थान ख श्रेणीमा पर्ने ।

ख. रेष्टुरा, हलवाई, चिया पसलमा बार्षिक व्यवसायकर निम्नानुसार लिने ।

| | |
|---|---|
| १. मिठाइ पसल (ठुलो) .......................... | रु.१०००।– |
| २. चिया,चाउमिन जस्ता शाकाहारी नास्ता समेतको मिठाइको पसल | रु.७००।– |
| ३. ग्रामिण क्षेत्रका चिया,चाउमिन जस्ता शाकाहारी नास्ता र मिठाइको पसल | रु.५०० ।– |
| ४. चिया र सामान्य नास्ताका पशल ..................... | रु.५००।– |
| ५. चिया र सामान्य नास्ता पसल ( ग्रामिण क्षेत्र ) | रु.३००।– |

४. व्यापारिक बस्तु

क. पेट्रोलियम पदार्थको व्यवसायमा निम्नानुसारको बार्षिक व्यवसायकर लिने ।

| | |
|---|---|
| १. पेटोल, डिजल र मट्टीतेल र लुब्रिकेन्ट विकि पसल | रु ७,०००।- |
| २. मट्टीतेल मात्रको बिक्री पसल | रु.४,०००।– |

नोट :– पेट्रोलियम पदार्थको डिपोका लागि नयां अनुमति दिंदा बजार क्षेत्र देखि बाहिर हुनु पर्ने व्यवस्था मिलाउन उपयुक्त हुनेछ ।

५ . निम्नानुसार व्यवसायमा बार्षिक व्यवसाय कर लिने ।

| | |
|---|---|
| १. चुरोट, बिडीजन्य धुम्रपान एजेन्सी ....................... | रु.३०००।– |
| २. साबुन एजेन्सी .................................. | रु.१,०००।– |
| ३. बिस्कुट एजेन्सी ................................ | रु.१,०००।– |
| ४. टायर एजेन्सी ...................... | रु.२,०००।– |
| ५. प्लाष्टिक भांडा आदिको एजेन्सी ........................... | रु.१,५००।– |
| ६. चाउचाउ एजेन्सी ........................... | रु.१,०००।– |
| ७. एजेन्सीमा थप प्रति एजेन्सीको .................... | रु.१०००।– |
| ८. स्वदेशी, बिदेशी कपडा तथा अन्य सामानको थोक पसल ................. | रु.२०००।– |
| ९. इलेक्ट्रोनिक पसल ...................... | रु.१,०००।– |
| १०. स्वदेशी बिदेशी तयारी फैन्सि कपडा पसल .............. | रु.१,०००।– |

| | |
|---|---|
| ११. श्रृंगारको सामानको ठुलो पसल .......... | रु.१०००।– |
| १२ श्रृगारको सामानको मध्यम पसल .......... | रु.३००।– |
| १३. स्टेसनरि व्यवसाय पसल .............................. | रु. १,०००। |
| १४. साइकल बिक्री पसल ......................................... | रु.१५०० ।- |
| १५. मोटर साइकलको एजेन्सी तथा सर्भिस सेन्टर समेत...................... | रु.३५०० ।- |
| १६. मोटरसाइकिल एक्सचेञ्ज गर्ने व्यवसाय................... | रु.२५००।– |
| १७. साधारण कपडा पसल................................................ | रु.५०० ।- |
| १८. मोवाईल सेट बिक्री पसल .............................. | रु.५००।– |
| १९. मोटरसाइकल पार्टर्स बिक्री पसल ................................ | रु.१००० ।- |
| २०. बस, ट्रक, जिप, टयाक्टर बिक्री पसल तथा सर्भिस सेन्टर समेत.......... | रु.५०००।- |
| २१. वस, ट्रक, जिप, टयाक्टर पार्टसको बिकि पसल .................. | रु. ५०००।– |
| २२. नाप तौलको ढक तराजु बिक्री पसल..................... | रु.१०००।– |
| २३. भाडा वर्तन पसल ............................... | रु.१०००।- |
| २४. प्लाष्टीकको भाडा वर्तन बिक्री पसल ....................... | रु.८००।– |
| २५. कृषि कार्यका लागी सानो पावर टिलर एजेन्सी ............................ | रु २५००।– |
| २६. इलेक्टिक रिक्सा एजेन्सी .......................................................... | रु २,०००।– |
| २७. कम्प्युटर विकि पशल.......................... | रु३०००।– |
| २८. स्टेसनरी र छापाखाना समेतको पशल....................................... | रु.२०००।- |
| २९ . पत्रिका मात्रको पशल ................. | रु.३००।- |
| ३० . पेन्टको एजेन्सी ................................... | रु.२,०००।- |

६. निर्माण सामग्री, हार्डबेयर, सिसा फ्रेम, बिद्युत समान बिक्री पसलमा निम्नानुसार वार्षिक व्यवसाय कर लिने ।

| | |
|---|---|
| १. हार्डबेयर पसल | रु.१५००।– |
| २. हार्डबेयर पसल ( ग्रामिण क्षेत्र ) ............................ | रु.१०००।– |
| ३. सिसा तथा सिसा फ्रेम पसल ................................... | रु.५००।– |
| ४. बिद्युत सामग्री र ईलेक्ट्रेक सामानका पशल ......................... | रु.१,५००।– |
| ५. खानेपानी धारा सम्बन्धि सामान मात्राको पसल............................. | रु.७००।– |
| ६. पेन्ट मात्रको पशल...... ...................... | रु.१०००।०० |

७. किराना / बिसादा/ भांडा पसलमा निम्नानुसार बार्षिक ब्यवसाय कर लिने ।

| | |
|---|---|
| १. किराना पसल .......................... | रु. ८००।– |
| २. ग्रामिण क्षेत्रको किराना पसल .......................... | रु. ५००।– |
| ३. भाडा तथा त्यस्तै प्रकृतिका अन्य सामानहरुको पसलमा ........ | रु. ५००।– |

८. खाद्यान्न खरिद बिक्री पसलमा निम्नानुसार बार्षिक ब्यवसाय कर लिने ।

| | |
|---|---|
| १. बजारमा गद्दी राखी गोदाम गर्ने ब्यवसाय .......................... | रु.२५००।– |
| २. फुटकर खाद्यान खरिद बिक्री ब्यवसाय ........................... | रु.१२५०।– |
| ३. ग्रामिण क्षेत्रमा गल्ला खरिद गोदाम राख्ने ब्यवसाय ........................ | रु.१०००।– |
| २. ग्रामिण क्षेत्रको खरिद काटा वाला ब्यवसाय ......................... | रु.५००।– |

९. निम्नानुसारका ब्यवसायमा बार्षिक ब्यवसाय कर निम्नानुसार लिने ।

| | |
|---|---|
| १. टेलिभिजन लगायत ईलेक्ट्रोनिक सामानको पसल ................. | रु.१२००।– |
| २. क्यासेट रिकर्डर तथा प्लेयर पसल ................ | रु.५००।– |
| ३. डिस लाइनको केबुल ब्यवसाय .................. | रु.३०००।– |
| ४. काठ मात्रको फर्निचर बिक्री ब्यवसाय | रु.२०००।– |
| ५. काठ समेत अन्य प्रकारका सोफासेट, दराज र फर्निचर बिक्री पसल | रु.१०००।– |
| ६. छाला जुत्ता एवं अन्य प्रकारका जुता पसल ......................... | रु.१०००।– |
| ७. मदिराको डिष्टिव्युटर ............................ | रु.४०००।– |
| ८. मदिरा मात्रको होलसेल पसलमा .................. | रु.३०००।- |
| ९. मदिरा रिटेल कार्टुन खोली गर्ने पसल | रु.२०००।– |
| १०. मार्वल /स्लेट मात्रको पसल .................................... | रु.१५००।- |
| ११. मल खाद बिउ विजन र किटनाटक ओषधी बिक्री पसल ............. | रु.१०००।- |
| १२. तरकारी पसल.................................................... | रु.५००।- |

| | |
|---|---|
| १३. सिरक डसना वनाउने पसल................................... | रु.५००।– |

१०. उत्पादनमुलक उद्योगमा

क. औद्यौगिक कारखाना तथा उद्योगहरु वाट निम्नानुसारको बार्षिक व्यवसाय कर लिने ।

| | |
|---|---|
| १. सुर्ति, गटुखा तथा सुर्तिजन्य पदार्थका उद्योग...................................... | रु.३०००।- |
| २. चावल, तेल, पिठो, दाल, सेलरमिल .................... | रु.५०००।– |
| ३. चावल, तेल, पिठो, दाल, सेलरमिल ( ग्रामिण क्षेत्र ) .................. | रु.१०००।– |
| ४. ग्रामिण क्षेत्रमा पम्पसेटबाट चल्ने मिल ..................................... | रु.५०० ।– |
| ५. काठ चिरान मिल ............................................................ | रु.५०००।– |
| ६. फर्निचर/ काठ चिरान मिल ............................ ....................... | रु.५५००।– |
| ७. सिमेण्ट रोडी र बालवा प्रयोग गरी हयूमपाईप, पिलरपोल आदि बनाउने उद्योग | रु.५०००।– |
| ८. सिमेण्ट रोडी, बालुवा पंयोग गरि रिङ, खुटा, ब्लक, गमला आदी बनाउने उद्योग | रु.३०००।– |
| ९. प्लाइउडको कच्चा पदार्थ उत्पादन गर्ने उद्योग | रु.४०००।– |
| १०.पाउरोटी, सर्पत, तथा पापड बनाउने उद्योग | रु.५००।– |
| ११.गारमेन्ट तयारी पोशाक उधोग | रु.१५००।- |
| १२.फिक्स चिम्नीको ईटा भट्टा उद्योग | रु.१२,०००।– |
| १३. भुसे ईटा भट्टा उद्योग | रु.५,०००।– |
| १४.दुई चिम्नीको ईटा भट्टा उद्योग | रु.२०,०००।– |
| १५.स्वीकृती प्राप्त खप्टा टायल भट्टा उद्योग | रु ४०००।– |
| १६. आइसक्रिम बरफ उत्पादन उद्योग | रु.१०००।– |
| १७. मोमबत्ती उत्पादन उद्योग | रु.५००।– |
| १८. साबुन सोडा उत्पादन उद्योग | रु ५००।- |
| १९ चकलेट,टौफि उत्पादन उद्योग | रु.५००।– |
| २०. चाउमिन उत्पादन उद्योग | रु.५००।– |
| २१. छालाका जुत्ता चप्पल बनाउने उद्योग | रु.५००।– |
| २२. टिनका फर्निचर, सोफा, दराज बनाउने उद्योग | रु.२५००।– |
| २३. काठको फर्निचर, सोफा, दराज बनाउने उद्योग | रु.२५००।– |
| २४. वयलगाडा बनाउने उद्योग | रु.५००।– |
| २५. काठको गिलास, ठेकी, बनाउने उद्योग | रु.५००।– |
| २६. भांडा बर्तन बनाउने उद्योग | रु.१०००।– |
| २७. गलैचा, होजियरी उद्योग | रु.८००।– |
| २८. अगरबत्ती उधोग | रु.५००। - |
| २९. नमकीन, दालमोट आदि बनाउने उद्योग | रु.५००।- |
| ३०. खाना पकाउने एलपि गेस फिल गर्ने उद्योग | रु.१०,०००।– |
| ३१. स्टिलका फर्निचर बनाउने उद्योग | रु.५०००।- |
| ३२. ग्रिल/सटर वनाउने उद्योग | रु.१०००।- |
| ३३. सोलार पालर व्यवसाय उद्योग | रु.१५००।- |

(ख) मर्मत सम्भार सेवा सम्वन्धी निम्नानुसारका ब्यवसायमा बार्षिक व्यवसाय कर निम्नानुसार लिने ।

| | |
|---|---|
| १. बस,ट्रक,जिप,टयाक्टर मर्मत पसल................................ | रु.१५००।- |
| २.मोटर साईकल मर्मत पसल.......................................... | रु.१०००।– |
| ३. कम्प्यूटर मर्मत पसल.................................... | रु.१०००।- |
| ४. रिक्सा साईकल मर्मत पसल .................................. | रु.५००।– |
| ५. ब्याट्री चार्ज समेतको पसल ........................ | रु.५००।– |
| ६. खराद मसिन पसल ...................................................... | रु.१०००।– |
| ७. गेस मसिन पसल ........................................................ | रु.४००।– |
| ८. ब्याट्री चार्ज पसल ...................................................... | रु.५००।– |
| ९. गेस सिलेण्डर बिक्री पसल............................................... | रु.१,०००।– |
| १०.घडि मर्मत पसल ........................................................ | रु.५००।– |
| ११.टि.भी.,भि.सि.आर,भि.सि.पि,रेडीयो मर्मत पसल........................ | रु.५००।– |
| १२. रेडियो मर्मत पसल............................................... | रु.५००।– |

| | |
|---|---|
| १३. मोवाईल मर्मत पसल ............................... | रु.५००।– |
| १४. छाता,टर्च,गेस र सिलाई मसिन मर्मत पसल .......................... | रु.२००।– |
| १५. विद्युत सामग्री, मोटर, पंखा र टेलिफोन समेतको मर्मत पसल ........ | रु.५००।– |
| १६. खोकामा जुत्ता चप्पल मर्मत गर्ने | रु.२००।- |
| १७. सटरिगं ब्यवसाय पसलमा ............................................... | रु.१०००।– |
| १८. टायर मर्मत पसल................................................... | रु.१०००।– |

ग) बिशेष परामर्श तथा सामाजिक परिचालन सम्वन्धी संस्था, ब्यवसाय सेवामा कर निम्नानुसार लिने ।

| | |
|---|---|
| १) रु २० लाख सम्मको व्यवसायमा ................. | रु.१५००।- |
| २) रु १ करोड सम्मको व्यवसायमा ....................................... | रु.२५००।- |
| ३) रु १ करोड भन्दा माथिको व्यवसायमा ................................ | रु.३०००।- |

११. स्वास्थ्य सेवा/व्यवसाय संग सम्वन्धित संस्था तथा व्यक्तिवात निम्नानुसारको वार्षिक व्यवसाय /सेवा कर लिने ।

| | |
|---|---|
| १.औषधी थोक बिक्रेता | रु.२०००। |
| २. दन्त चिकित्सालय .................................. | रु.१०००।– |
| ३. औषधि बिक्रि पसल .................................... | रु.१०००।– |
| ४. क. चिकित्सक.................................................<br>ख. पशु चिकित्सक..........................................<br>ग. कविराज, बैद्य ..................................................<br>घ. दन्त चिकित्सक............................................... | रु.१५००।–<br>रु.१०००।<br>रु १०००।–<br>रु.१०००।- |
| ५. पशु औषधालय पसल................................. | रु.१०००।– |
| ६. चस्मा विक्रि पशल ............................. | रु.१०००।- |
| ७. नर्सिङ्ग होम , निजी अस्पताल .................................. . | रु.४०००।- |
| ८. फिजियो थेरापी .................................... | रु. १५००- |
| ९. ल्याव परीक्षण सेवा ...................................................... | रु. १५००।- |
| १०. अल्ट्रा साउण्ड एक्सरे सेवा............................................. | रु. १५००।- |

१२. निजी कानून ब्यवसायी, बिमा एजेन्ट, ईन्जिनियरिंग सेवा लगायतका निम्न व्यवसाय संचालन गर्ने व्यक्ति तथा निकायवाट निम्नानुसारको बार्षिक ब्यवसायकर लिने ।

| | |
|---|---|
| १. बरिष्ठ अधिबक्ता ................ | रु.१५००।– |
| २. अधिबक्ता ....................... | रु.१२००।– |
| ३. अभिबक्ता.......................... | रु.१०००।– |
| ४. अभिकर्ता र लेखनदास ............. | रु. ५००।– |
| ५. बिमा एजेन्ट व्यबसाय........... | रु. १०००।- |
| ६. अनुसन्धान तथा परामर्शदाता ......... | रु.३०००।– |
| ७. सिप तथा व्यवसाय प्रवर्धन सेवा केन्द्र... | रु.१०००। |
| ८. कृषि विशेषज्ञ .............................................................. | रु.१५००। |
| ९. वातावरण विशेषज्ञ | रु १५००। |
| १०.आयकर, मु.अ.कर र लेखा सम्बन्धि सेवा प्रदान गर्ने | रु.१०००।- |
| ११. कम्प्युटर एनालिसिष्ट र प्रोग्रामर | रु.१५००।- |
| १२. भाषा अनुवादक | रु.५००।- |
| १३. ईन्जिनियरिङ परामर्श सेवा .............................. | रु.२५००।- |
| १४. सर्भेयर .......................... | रु.५००।- |
| १५. शेयर दलाल | रु.२०००।- |
| १६. नोटरी पव्लिक व्यवसाय | रु.१५००।- |

१३. म.ले.प.बाट लाईसेन्स प्राप्त अडिटरवाट निम्नानुसार वार्षिक ब्यवसायकर लिने ।

| | |
|---|---|
| १. क श्रेणीको अडिटरलाई ..................... | रु.२५००।– |
| २. ख श्रेणीको अडिटरलाई........................... | रु.२०००।– |
| ३. ग श्रेणीको अडिटरलाई ........................... | रु.१५००।– |
| ४.घ श्रेणीको अडिटरलाई ............................ | रु.१२००।– |

१४. सामान ढुवानी कम्पनी (ट्रान्सपोर्ट) बाट वार्षिक व्यवसाय कर ........... रु.३०००।–

१५. कृषि सेवा व्यवसायमा बार्षिक व्यवसाय कर निम्नानुसार लिने ।

| | |
|---|---|
| १. कुखुरा पालन ................................................................ . | रु.५००।– |
| २. बगुर पालन ................................................................ | रु.५००। |
| ३. व्यवसायिक कृषी उत्पादन ................................................ | रु.३००।– |
| ४. बोटबिरुवा उत्पादन गर्ने तथा बेचबिखन ( नर्सरी ) ............................ | रु.३००।– |
| ५.माछापालन व्यवसाय ...................................................... | रु ५००।– |

१६. अन्य सेवा

देहायका अन्य सेवा व्यवसायहरुवाट निम्नानुसारको वार्षिक व्यवसाय कर लिने

क. निम्नानुसारका ब्यवसायमा बार्षिक ब्यवसाय कर निम्नानुसार लिने ।

| | |
|---|---|
| १. भन्सार एजेन्ट ........................................................ . | रु.१५००।– |
| २. अर्डर सप्लायर्स ............................................... | रु.१०००।– |
| ३. खसि, बोका, बंगुर, माछा, कुखुरा लगायत मासु बिकी पसलमा............... | रु.६००।– |
| ४. खसि, बोका, बंगुर, कुखुरा, माछा लगायतका मासु बिकी पसल (ग्रामिण ) .. | रु.५००।– |
| ५. पान, बिडी पसल ................................................... | रु.३०० ।– |
| ६. फलफुल ,तरकारी बिक्री पसलमा .................................... | रु.५००।– |
| ७. हजाम पसल ठुलोमा तीन सिटभन्दा वढी भएको .................... | रु.८००।– |
| ८. हजाम पसल साना .................................................. | रु.५००।– |
| ९. ब्यूटी पार्लरमा ........................................................ | रु.५००।– |
| १०. मसाज र पार्लर पसल............................................... | रु.१०००।– |
| ११. मेरिज ब्युरो ( विबाह गराउने संस्था )...................................... | रु.१०००।– |
| १२.शित भण्डार व्यवसाय संचालन | रु.५०००। |
| १३.सिलाई पसल | |
| क) दुई सिलाई मेसिन सम्मको पसल ............................. | रु.५००।- |
| ख) दुई सिलाई मेसिन देखि ५ सिलाई मेसिन सम्मको पसल .......... | रु.८००। |
| ग) ५ सिलाई मेसिन देखि माथि सम्मको पसल ............................ | रु.१०००। |
| १४.निजी टेलीफोन व्यबसाय .................................................. | रु.१५००। |
| १५.जिम सेन्टर व्यवसाय ....................... | रु.५००।- |
| १६.कपडा धुने पसल साधारण ........................................................ | रु.५००।– |
| १७.ड्राईक्लिन मेसिन सहित भएको कपडा धुने पसल.............................. | रु.१०००।– |
| १८.सुनचादी बिकी तथा गर गहना बनाउने पसल .......................... | रु.२०००।– |
| १९.सुनचादी गहना मात्र बनाउने पसल ....................................... | रु.१०००।– |
| २०.कलर ल्याब सहितको फोटो स्टुडियो .................................. | रु.१०००।– |
| २१.सबै किसिमको श्रृगार पसल..................................................... | रु १०००।– |
| २२.चुरा पोतेको मात्र श्रृगार पसल ................................................ | रु.३००।– |
| २३.साईन बोर्ड बनाउने पेन्टीङ सेवा ................................................ | रु.५००।– |
| २४.फोटोकपी पशल........................................................ | रु.५००।– |
| २५. ग्रिसिङ्ग व्यबसाय ............................................................ | रु.४००।- |
| २६. घर जग्गा खरिद बिक्री व्यवसाय ............................................ | रु.३५०० ।- |
| २७.अनलाइन सेवा व्यवसाय .................................................. | रु.१२००।- |
| २८. गेम क्लव व्यवसय..................................... | रु ५००।- |

१७. शिक्षा सेवा

(क) निम्नानुसारका ब्यवसायमा बार्षिक ब्यवसायकर निम्नानुसार लिने (संस्थागत) बाहेक ।

| | |
|---|---|
| १. निजि क्षेत्रका स्कुल क्याम्पस | रु .१०००। |
| २. व्यवसायीको सीप विकास सम्बन्धि प्राविधिक शिक्षालय ..... | रु.३,०००।– |
| ३. कम्प्युटर इन्सिच्यूट ................ | रु.१०००।- |
| ४. ट्युशन,कोचिंग सेवा...... | रु.१०००।– |
| ५. भाषा प्रशिक्षण ................ | रु.१,०००।– |
| ६. शैक्षिक परामर्श सेवा ........................................ | रु १५००।– |
| ७. वैदेशिक रोजगार परामर्श दाता................................. | रु.२०००।- |
| ८. निजी क्षेत्रका आधारभुत विद्यालय ................................ | रु. ५००।- |

| | |
|---|---|
| ९. मन्टेश्वरी विद्यालयको लागि .................................. | रु.३००।- |

ख) निम्नानुसारका निजि शैक्षिक सस्थाहरु खोल्न निम्नानुसारको सिफारिस दस्तुर लिने ।

| | |
|---|---|
| १. प्रा. वि.सम्म .................... | रु. १०००।- |
| २. नि. मा. वि. सम्म......................... | रु. १५००।– |
| ३. मा.वि सम्म................................ | रु. २०००।– |
| ४. उच्च मा. वि. सम्म....................... | रु. २५००।– |
| ५. उच्च मा. वि. देखि माथि ....................... | रु ३०००।– |

नोट : कक्षा थपका लागि सिफारिश गर्दा प्रति कक्षा थप रु.५००।००

१८. बित्तिय सेवा

| | |
|---|---|
| १. नेपाल सरकारको पूर्ण स्वामित्व रहेको बाहेक आर्थिक कारोबार गर्ने बैक .... | रु.१५०००।– |
| २. आर्थिक कारोवार समेत गर्ने बैक बाहेकका वित्तिय कम्पनिहरु | रु.३०००।– |
| ३ .बिमा कम्पनी | रु.७०००।– |
| ४. बिदेशी मुद्रा सटही काउन्टर | रु.२५००।- |
| ५. सहकारी बैंक | रु. २,०००।– |
| ६. रेमिटेन्स सेवा | रु.२०००।- |
| ७. धितोपत्र कारोवार | रु.२५००।- |

१९. संचार सेवा ( वार्षिक )

| | |
|---|---|
| १. इमेल / इन्टरनेट व्यवसाय .... | रु. ५००।– |
| २. कुरियर सेवा ..... | रु. ५००।– |
| ३. एस.टि.डि./ आई.एस.टि.डि / फ्याक्स सम्वन्धी निजि व्यवसाय | रु. ५००।– |
| ४. एफ.एम. रेडियो ...................................... | रु.२०००।- |
| ५.केवुल नेटवर्क सेवा संचालन सेवामा................................... | . रु.५०००। |

२०.कृष्णपुर नगरपालिकामा प्रधान कार्यालय भएका निर्माण ब्यवसाय ( वार्षिक )

| | | |
|---|---|---|
| १. | क) श्रेणीका रजिष्टर्ड निर्माण व्यवसाय ............... | रु.५०००।– |
| २. | ख) श्रेणीका रजिष्टर्ड निर्माण व्यवसाय ............ | रु.४०००।– |
| ३. | ग) श्रेणीका रजिष्टर्ड निर्माण व्यवसाय ............ | रु.३०००।– |
| ४. | घ) श्रेणीका रजिष्टर्ड निर्माण व्यवसाय ............ | रु.२०००।– |

२१. अन्य व्यवसाय : निम्नानुसारका व्यवसायमा वार्षिक व्यवसायकर निम्नानुसार लिने ।

| | |
|---|---|
| १. गोलिया काठ खरिद बिक्री | रु.५०००।– |
| २. ईटा, ढुंगा, बालुवा, गिट्टी जम्मा गरी बिक्री गर्ने | रु.३५००।– |
| ३. रिचार्ज कार्डको थोक पसल | रु. ५००।– |
| ४. बैण्ड बाजा व्यवसाय | रु.५००।– |
| ५ लाइसेन्स प्रप्त स्थायी चलचित्र हल | रु.२०००।– |
| ६. थोत्रा बोरा, रस्सीका टुक्रा, पुराना प्लाष्टिक चप्पल कवाड पसल | रु.२०००।– |
| ७ मिनरल वाटर प्लान्ट | रु.१०००।- |
| ८. पम्पसेट डिलर | रु.१२००।– |
| ९ डेरी फार्म (प्रशोधन बाहेक ) | रु.५००। |
| १०.कोकाकोला, पेप्सी, फन्टा चिसो पेय पदार्थको एजेन्सी | रु.१५००।– |
| ११ केसर मिल | रु.१,०००।– |
| १२. केसर मिल डिपो | रु.५००।- |
| १३. कपडाको थोक व्यवसाय | रु. १०००।– |
| १४. पूल हाउस | रु. ५००। |
| १५ . पशु खरिद विक्रि व्यवसाय | रु.२०००।- |
| १६. टेन्ट हाउस सेवा | रु. १५००। |
| १७ डेरी उद्योग( प्रशोधन सहित ) | रु. १०००। |
| १८ अनुमती प्राप्त जनावरका हाड सिंगको व्यवसाय | रु.५००।– |
| १९. अल्ट्रा एसिड डिष्टील्ड वाटर उत्पादन | रु. ५००।– |

**अनुसूची -६**

(दफा ७ सँग सम्बन्धित)

१. बार्षिक सवारी दर्ता कर

| | |
|---|---|
| १. टेम्पो | रु.३००।– |
| २. जिप, लेण्डओभर, कार, स्टेशन माइक्रो जिप, बेगन | रु.५००।– |
| ३. बस, ट्रक, लहरी, हे.भि.इक्यूमेण्ट ,अन्य हेभि गाडी | रु.१५००।– |
| ४. निजी कार | रु.३००।– |
| ५. भाडाका मिनिबस,माइको वस | रु.३००।– |
| ६. ट्रेक्टर भाडाका | रु ५००।– |
| ७. ट्रेक्टर निजि प्रयोजन | रु.५००।- |
| ८. इलेक्ट्रनिक रिक्सा, | रु.३००।०० |
| ९. मोटरसाईकिल,स्कुटर | रु.१००।- |
| १० .ठेलागाडा | रु.२५।- |
| ११. विद्यालयका बसहरुको | रु.१०००।– |

नोटः- नगर क्षेत्र भित्र संचालित सवारी साधनहरुलाई न.पा. मा अनिवार्य रुपमा दर्ता गर्न लगाउने । सोको लागि महाकाली अञ्चल यातायात व्यवस्था कार्यालय महेन्द्रनगर लाई सहयोगका लागि अनुरोध गर्ने ।

## अनूसुची -७
(दफा ८ सँग सम्बन्धित)

१. बार्षिक विज्ञापन कर

| | |
|---|---|
| १.व्यवसायिक दृष्टिकोणले प्रसार गर्ने, साइनबोर्ड राख्ने, पोष्टर टांस्ने, फिल्मी पोष्टर राख्ने (प्रतिवर्ग फूट) ................................................................................... | रु.७०।- |
| २.काठ, टिन, दिवालमा (प्रति वर्गफूट) ............................................ | रु.३०।- |
| ३. संघ संस्था पसलको पोष्टरमा ( पटके ) ....................................... | रु.५०।- |

नोट : यस सम्वन्धी विज्ञापन राख्ने स्थानको लागि नगरपालिकाको पुर्व स्विकृती लिनुपर्ने ।

## अनूसुची -८
(दफा ९ सँग सम्बन्धित)

१. मनोरञ्जन कर

| | | |
|---|---|---|
| १. अस्थायी लाइसेन्स लिई भिडियो प्रदर्शन व्यवसाय संचालन | प्रति दिन | रु.१००।– |
| २ पटके थियटर, नौटंकी, सर्कस, | प्रत्येंक पटक | रु.३००।– |
| ३. चटक देखाउने, औषधी बेच्ने | दैनिक | रु.५०।- |
| ४. अन्य खेल देखाउने | दैनिक | रु.२५।– |
| ५. चलत्रित्र व्यवसाय | वार्षिक | रु.५००।- |

## अनूसुची -११
(दफा १२ सँग सम्बन्धित)

१. सम्पत्ति जग्गाको मूल्यांकन दस्तूर निम्नानुसार लिने ।

| | |
|---|---|
| १. सम्पत्ति जग्गाको मुल्यांकन प्रति सयकडामा ............................................. रु ०.१० प्रतिशत ( विधार्थिहरुलाई अध्ययनको लागि विदेश जादा सम्पत्ति मुल्यांकन दस्तुरको ५० प्रतिशत छुट दिईनेछ ) | |
| २. आय प्रमाणित वित्तिय संस्था ............................................ | रु. १०००।०० |

२. निम्नानुसारको सिफारिसमा निम्न बमोजिमको दस्तुर लिने ।

| | |
|---|---|
| १. चौहदी प्रमाणित दस्तुर (महेन्द्र राजमार्गसंग जोडिएको सो आसपास १ कि. मि .भित्रको) | रु.१,०००।०० |
| २. माथि सि.न. १ मा उल्लेखित वाहेक अन्य क्षेत्रको चौहदी प्रमाणित दस्तुर ... | रु.५००।– |
| ३. टिकट दस्तुर .. | रु.१०।– |
| ४. साधारण सिफारिस . | रु.१००।– |
| ५. मुद्दा सम्बन्धि सिफरिस . | रु.२५०।– |
| ६. सर्जमिन गर्नु पर्ने सिफारिसमा | रु.२५०।– |
| ७. कृषि/कृषिजन्य उधोगको सिफारिसमा | रु.५००।०० |
| ८. .साना उद्योगको सिफारिसमा | रु.१,०००।– |
| ९. मझौला उधोगको सिफारिसमा | रु.३,०००।- |

| | |
|---|---|
| १०. ठूला उधोगको सिफारिसमा | रु.१२०००।- |
| ११.नागरिकता फाराम | रु.१०।– |
| १२. वंशजको नाताले नागरिकता सिफारिस | रु.१००।– |
| १३. जन्मसिद्ध नाताले नागरिकता सिफरिस | रु.२,०००।– |
| १४. वैवाहिक अंगिकृत नागरिकता सिफारिस | रु.३,०००।– |
| १५. अंगीकृत नागरिकता सिफारिस | रु.७,०००।– |
| १६. नावालक सिफारिश | रु.१००।०० |
| १७. अंसियार/सगोल/अंशवण्डा दा.खा. सिफारिश | रु.५००।०० |
| १८. विवाहित/ अविवाहित प्रमाणित | रु.५००।०० |
| १९. जन्म मिति प्रमाणित | रु.५०।०० |
| २०. घटना दर्ता (कानुनले लिनु पर्ने अवस्थामा) | रु.५० ।- |
| २१. अंग्रेजीमा गरिने (बसोबास, जन्म ,मृत्यु,विवाह ,अविवाहित,नाता ) प्रमाणित दस्तुर | रु.५०० ।- |
| २२. नागरिकता प्रतिलिपी प्रमाणित दस्तुर | रु.१००।- |
| २३. बसोबास प्रमाणित दस्तुर | रु.२००।– |
| २४.अस्थायी बसोबास प्रमाणित दस्तुर | रु.५००।– |
| २५.टेक्टरको भंसार छुट सम्बन्धी सिफारिस | रु.१,०००।– |
| २६. पम्पसेटको भंसार छुट सम्बन्धी सिफारिस | रु.२००।– |
| २७ चारा काटने मसिनको भन्सार छुट सम्बन्धी सिफारिसमा | रु.१२५।– |
| २८. बिद्युत जडानको सिफारिस/ठाउसारी/नामसारी | रु.२००।– |
| २९. विधुत जडानको सिफारिश ( सस्थागत ) | रु.५००।- |
| ३०. विधुत जडान उधोग सिफरिश | रु १,०००।०० |
| ३१. कृषि औजार सम्बन्धि भन्सार छुट सिफारसि | रु.२५०।– |
| ३२. टेलीफोन /ठाउसारी/ नामसारी सिफारीस दस्तुर | रु.२५०।– |
| ३३. खानेपानी धारा जडान/ठाउसारी/नामसारी सिफारिस | रु.१५०।– |
| ३४. मदिरा( विर्को खोलि ) पसल संचालन सिफारिस | रु.१०,०००।– |
| ३५. मदिरा डिलर सिफारिश | रु.१५,०००।०० |
| ३६. सार्वजनिक टेलिफोन सिफारिस | रु.३००।– |
| ३७. संचार व्यवसायको सिफारिस | रु.३००। |
| ३८. व्यवसायको नामसारी /ठाउसारि दस्तुर/नाम परिवर्तन | रु.५००। |
| ३९. गैर सरकारी संघ सस्था क्लब तथा समिति आदी सिफारीसमा | रु.५००।– |
| ४०. नाता प्रमाणित | रु.१००।०० |
| ४१. नाता प्रमाीणित लगायत घटना दर्ता मुचुल्का गर्नु पर्ने भए प्रत्येक सर्जिमनको लागि | रु.३००।० |
| ४२. कुकाठ सिफारिश | रु.१,०००।०० |
| ४३. होटल/लज/रेष्टुरेन्ट सिफारिश | रु.१,५००।०० |
| ४४. न.पा. क्षेत्रमा विद्युत पोल जडान गरे वाफत ने. वि. प्रा.बाट प्रति पोल रु.१५।– र ट्रान्सर्फमरको प्रतिवर्गफुट रु. ८।– का दरले वार्षिक शूल्क लिने । विद्युत तार प्रति मिटर रु. ०.०१ पैसा लिने | |

३. नेपाल खानेपानी संस्थानले पाइप लाईन बिछाए वाफत प्रति मिटर रु. ०.५ पैसाका दरले मासिक सेवा शूल्क लिने ।

४. केवुल ,डिस लाईनको प्रति मिटर रु.०.२ पैसा मासिक लिने ।

५. नेपाल दुर संचार संस्थानले टेलिफोन लाईन तानेकोमा प्रति पोल वार्षिक रु. १०।–, केवल तारको प्रति मिटर ०.०१ पैसा - मासिक र टेलिफोन क्याविनेट बक्सको प्रति बक्स रु. २।– मासिक शूल्क लिने ।

६. नगर क्षेत्रभित्र कुनै घर, गोदाम, पसल, ग्यारेज, कारखाना, घरजग्गामा टहरा, पोखरी, मिल आदी बहालमा दिएकोमा दिएको बहाल रकमको २ प्रतिशतका दरले बहाल कर लिने ।

७. कार्यालयको व्याकहो लोडर

१. नगरपालिकाको स्विकृत वार्षिक कार्यक्रम अनुसारको योजनाहरु संचालन गर्दा उपभोक्ता समिति मार्फत गर्नुपरेमा व्याकहो लोडर माग भएमा प्रतिघण्टा ८००।०० भाडा लिने ईन्धन र चालक सम्वन्धित मागकर्ताले व्यहोर्नुपर्ने ।

२. नगरपालिका भित्र संचालन हुने विकास निर्माणका कामहरुमा अन्य निकायवाट आर्थिक श्रोत व्यहोरिने योजनाहरुमा व्याक्हो लोडर माग भएमा प्रति घण्टा १५०० लिने ईन्धन सम्वन्धित मागकर्ताले नै व्यहोर्नुपर्ने ।

८. नगरपालिकाबाट व्यक्तिगत प्रयोजनका नाप नक्सा तथा सिमाङ्कन गर्न अमिन माग भई उपलब्ध गराउनु पर्ने भएमा सो वापत १५००।०० सेवा शुल्क लिने ।

९. नक्सा पासमा निम्नानुसार दस्तुर लिने ।

| |
|---|
| १. कृष्णपुर नगरपालिकाको मुख्य बजार क्षेत्रको ५०० मिटर दाया वाया आवासिय प्रयोजनका लागि निर्माण हुने घरको प्रति वर्गफूट रु.४।– |
| २. १ मा उल्लेखित स्थान वाहेक अन्य स्थानमा निर्माण हुने घरको प्रति वर्ग फुट २।०० |
| ३. नक्सा पासको निवेदन किताव.................................................. रु.५००। |
| ४. नक्सा नामसारी दस्तुर.................................................................. रु.३००। |
| ५. नक्साको प्रतिलीपी प्रमाणित दस्तुर......................................................... रु.३००। |
| ६. नक्सा पासको प्रमाण पत्रको प्रतिलीपी दस्तुर ............................................ रु.१००। |
| ७. संन्धि सर्पन सम्वन्धी सार्वजनिक सूचना प्रकासन वाफत दस्तुर रु ..................... रु२००। |
| ८. घर निर्माण सम्पन्न प्रमाण पत्र सिफारिश दस्तुर रु.५००।०० |

१०. घर बाटो प्रमाणित दस्तुर :-

क. जग्गा खरिद बिक्रीको घर बाटो प्रमाणितमा महेन्द्रराजमार्ग संग जोडिएको (महेन्द्रराजमार्गसंग जोडिएको सो आशपाश १ कि. मि .भित्रको) .रु.३०००।-

ख.माथि सि.नं (क) मा उल्लेखित वाहेक अन्य क्षेत्रको जग्गा खरिद विक्रीको घर वाटो प्रमाणित दस्तुर रु.२५००।००

ग.अशबण्डा, बकस पत्रको घर बाटो प्रमाणित घर बाटो प्रमाणितमा महेन्द्रराजमार्ग संग जोडिएको र नगरपालिका भित्रको अन्य सवै क्षेत्रको रु. २०००।-

आज्ञाले,
महेश बहादुर बम
प्रमुख प्रशासकीय अधिकृत